# मेची भन्सार कार्यालय, काँकरभिट्टा, झापा

(कार्यालय कोर्ड न. ३०५०३१२०२)

प्रमुख भन्सार अधिकृत

## चमेना गृह (क्यान्टिन) सचालनको सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी ७ (सात) दिने सूचना ।

सूचना प्रकाशन मिति २०८३।०४।०५

यस मेची भन्सार कार्यालयको भवन अन्तर्गत विगत नेपाल राष्ट्र बैंक रहेको पुरानो रातो घरको उत्तरपट्टीको एक कोठामा चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न ईच्छुक नेपालमा दर्ता भएका सम्बन्धित फर्म तथा व्यवसायीहरुका लागी सिलवन्दी दरभाउ पेश गर्न ७ (सात)दिने सूचना आहन गरिएको छ । आवश्यक थप जानकारीको लागि यस कार्यालयको प्रशासन र लेखा शाखामा सम्पर्क राख्न सक्नु हुनेछ।यो सूचना मेची भन्सार कार्यालयको Wibsite:mechi.customs.gov.npवाट पनि हेर्न सक्नु हुनेछ ।

सिलबन्दी दरभाउका शर्तहरु:-

१ सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८३।०४।११ गते सम्ममा रु.१०००।००(एकहजार मात्र)दस्तुर (फिर्ता नहुने) मेची भन्सार कार्यालयको नाममा नेपाल बैंक लि. काँकरभिट्टा शाखा, झापामा रहेको बैंक खाता नं १०६०१०००००२००००१ दखिला भएको सक्कल भौचर पेश गरी दरभाउपत्र फारम कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।उक्त दरभाउपत्र फारम यस कार्यालयको जिन्सी शाखामा उपलब्ध गर्न सकिनेछ ।

२ सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८३।०४।१२ गते दिनको १२:०० बजे भित्र आफ्नो दररेट भरी सहिछाप साथ खामबन्दी गरी सो खामको बाहिर दरभाउपत्र पेशकर्ताको नाम ठेगाना र सम्पर्क नं स्पष्ट संग उल्लेख गरी दर्ता गराउनु पर्नेछ ।यसरी दर्ता हुन आएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे मेची भन्सार कार्यालयमा प्रतिनिधिहरुको रोहोवरमा खोलिनेछ ।दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधापर्ने छैन ।

३ दरभाउपत्र साथ निम्न कागजातहरुको प्रतिलिपि समावेश गर्नुपर्ने छ ।

- सम्वन्धित व्यवसायी(सञ्चालक)को नेपाली नगरिकताको प्रमाणपत्र
- PAN मा दर्ता भएको प्रमाणपत्र ।
- व्यवसाय दर्ता प्रमाणपत्र (समान प्रकृतिको काम गर्ने)
- आ. ब. २०८१।८२ को कर चुक्ताको प्रमाणपत्र

४ क्यान्टिन कोठा-१ को सञ्चालन गरे वापत मासिक भाडा रु. ८,०००।००(आठहजार मात्र )कायम गरिएको छ ।उक्त मासिक भाडा महिना समाप्त भएको अर्को महिनाको ७ गते भित्र कार्यालयलाई बुझाउनु पर्नेछ ।

५ दरभाउपत्र फारममा उल्लेख भएका परिकारको हकमा न्युनतम प्रति ईकाइ दररेट अंक अक्षरमा स्पष्ट खुलाई सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।दरभाउपत्रमा उल्लेखित सबै परिकारहरुको दररेट स्पष्ट भर्नु पर्नेछ ।यसरी सबै दररेट उल्लेख नगरेको दरभाउपत्र मान्य हुने छैन ।

६ दरभाउपत्रमा उल्लेख भएका बाहेक अन्य परिकार प्रचलित बजार दररेट अनुसार उपलब्ध गराउनु पर्नेछ ।

७ रितपूर्वक पेश हुन आएका दरभाउपत्रहरुको कबोल गरेको दररेटको जम्मा औसत रकम निकाली सो मध्ये सबै भन्दा न्युन कबोल गर्ने दरभाउदाताको दरभाउपत्र छनौट गरिनेछ ।

८ दरभाउपत्र खरिद गर्दा, दरभाउपत्र पेश गर्दा आफै वा निजको प्रतिनिधिले गर्न सक्ने र सम्झौता गर्दा निज व्यवसायी आफै अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

९ क्यान्टिन दिनको विहान ६:०० बजे देखि बेलुका ८:०० बजे सम्म मात्र सञ्चालन गर्नु पर्नेछ ।

१० क्यान्टिन सञ्चालन गरे वापत आफूले प्रयोग गरेको विद्युत महसुल तथा खानेपानी महसुल सञ्चालनकर्ता आफैले वुझाउनु पर्नेछ ।

११ क्यान्टिन सञ्चालन गर्दा आवश्यक फर्निचर लगायतका भाडाकुडा सामान सञ्चालक आफैले व्यवस्थापन गर्नु पर्नेछ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
श्री भन्सार कार्यालय
काँकरभिट्टा, झापा

प्रमुख भन्सार अधिकृत

१२ क्यान्टिन सञ्चालन गर्ने क्रममा भवनमा टुटफुट भएमा सञ्चालक स्वयम्ले मर्मत तथा रंगरोगन गर्नु पर्नेछ ।

१३ क्यान्टिन भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको विक्री वितरण गर्न पाईने छैन ।

१४ क्यान्टिन सञ्चालन गर्दा सरसफाईलाई ध्यान दिई सञ्चालन गर्नु पर्नेछ । उत्पन्न फोहोर व्यवस्थापन सञ्चालक आफैले गर्नु पर्नेछ ।

१५ परिकारमा प्रयोग गरिने खानेतेल लागयत सामाग्री सफा र शुद्ध हुनुपर्नेछ ।

१६ क्यान्टिन सञ्चालकले खाद्य स्वच्छताको आधारमा होटेल रेस्टुरेन्ट स्तरीकरण गर्ने सम्वन्धी निर्देशिका २०७४ मा भएका व्यवस्थाहरुको आधारमा पूर्ण पालना गर्नु पर्नेछ। अधिकार प्राप्त निकाय र कार्यालयबाट समय समयबाट क्यान्टिनको निरिक्षण गरिनेछ। निरिक्षण गर्दा क्यान्टिनबाट उपलब्ध गराईने खाद्य परिकारको परिमाण, गुणस्तर एवं क्यान्टिन र वरपरको सरसफाई सेवा प्रवाह सन्तोषजनक नभएको पाईएमा कार्यालयले निर्णय गरी जुनसुकै बखत हटाउन सक्नेछ ।

१७ क्यान्टिन सञ्चालन गर्दा शान्ति सुरक्षा भंग हुने गरी र कार्यालयलाई कुनै असर पर्ने गतिविधि सञ्चालन हुने गरी गर्न पाईने छैन ।

१८ दरभाउपत्र खरिद गर्दा, दरभाउपत्र पेश गर्दा, वा सम्झौता गर्दा, आफै वा निजको प्रतिनिधिको हकमा निजले लिखित रुपमा दिएको मन्जुरीनामा पत्र अनिवार्य पेश भएको हुनु पर्नेछ ।

१९ छनौट भएको व्यवसाय सञ्चालकले सम्झौता गर्न आउदाँ कार्यालयले तोकिए अनुसारको बैंक खातामा नगद धरौटी रु ५०,०००।०० (पचासहजार मात्र) राख्नु पर्नेछ । धरौटी जम्मा भएको सक्कल बैंक भौचरका आधारमा सम्झौता हुनेछ ।

२० क्यान्टिन सञ्चालनको अवधि सम्झौता भएको मिति देखि आ. ब.२०८३।८४ को लागि रहनेछ। कार्यालयलाई आवश्यक भएमा र क्यान्टिन सञ्चालकको सेवा सन्तोषजनक भएमा आवश्यकता अनुसार क्यान्टिन सञ्चालनको समयावधि थप गर्न सकिनेछ ।

२१ आवश्यकताको आधारमा कार्यालयलाई उक्त क्यान्टिन कोठा चाहिएमा वा क्यान्टिन सञ्चालन सन्तोषजन नभएमा १५ दिनको सञ्चालकलाई सूचना दिई क्यान्टिनको सम्झौता रद्ध गर्न सकिनेछ ।

२२ कुनै कारणले सर्तमा थपघट गर्न कार्यालयमा निहित रहने छ ।

२३ कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहनेछ ।

(राजश्व भौचर रु. १,०००।००को लागि लेखा शाखामा सम्पर्क गर्न सकिनेछ)

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
मेची भन्सार कार्यालय
काँकरभिट्टा, झापा

प्रमुख भन्सार अधिकृत

## क्यान्टिन संचालन र परिकारहरुको दरभाउपत्र (BOQ)

### आ. व. २०८३।८४

क्यान्टिन संचलन गर्न इच्छुक नेपालमा दर्ता भएका सम्बन्धित व्यवसायीले क्यान्टिन सञ्चालन र परिकारहरुको आफुले उपलब्ध गराउन सक्ने मुल्य विवरण अंक र अक्षरमा स्पष्ट भरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

घटाघटमा

| सि नं | उपलब्ध गराउने परिकारको नाम | इकाई | प्रतिको दर अंकमा | प्रतिको दर अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | भेज खाना (Aग्रेडको चामल, हरियो तरकारी, अचार, दाल, पापड समेत) | प्रति सेट | | | |
| २ | चिकेन खाना (Aग्रेडको चामल, हरियो तरकारी, अचार, दाल,पापड समेत) | प्रति सेट | | | |
| ३ | चिकेन खाना (Aग्रेडको चामल, हरियो तरकारी, अचार, दाल,पापड समेत) | प्रति सेट | | | |
| ४ | खाजा फलफुल मिक्स | प्रति प्लेटमा | | | |
| ५ | चना चिउरा | प्रति प्लेटमा | | | |
| ६ | चना मुराई | प्रति प्लेटमा | | | |
| ७ | चना अण्डा | प्रति प्लेटमा | | | |
| ८ | सादा चाउमिन | प्रति प्लेटमा | | | |
| ९ | अण्डा चाउमिन | प्रति प्लेटमा | | | |
| १० | थुक्पा भेजमा | प्रति प्लेटमा | | | |
| ११ | चिकेन थुक्पा | प्रति प्लेटमा | | | |
| १२ | सादा चाउचाउ पकाएको | प्रति गोटामा | | | |
| १३ | अण्डा चाउचाउ पकाएको | प्रति गोटामा | | | |
| १४ | अण्डा बोयल | प्रति गोटामा | | | |
| १५ | आमलेट फ्राई | प्रति गोटामा | | | |
| १६ | मकै फ्राई | प्रति प्लेटमा | | | |
| १७ | चना साधेको | प्रति प्लेट | | | |
| १८ | भटमास चिउरा | प्रति प्लेटमा | | | |
| १९ | मोही | प्रति गिलास | | | |
| २० | दही | प्रति गिलास | | | |
| २१ | दुध | प्रति गिलास | | | |
| २२ | दहि चिउरा | प्रति प्लेटमा | | | |

प्रमुख भन्सार अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | दु:ध चिउरा | प्रति प्लेटमा | | | |
| २४ | दहि चिउरा केला सहितको | प्रति प्लेटमा | | | |
| २५ | खिर | प्रति कचौरा | | | |
| २६ | समोसा प्रतिगोटा | प्रति गोटामा | | | |
| २७ | समोसा सब्जी | प्रति प्लेटमा | | | |
| २८ | भेज म:म | प्रति प्लेटमा | | | |
| २९ | चिकेन म:म | प्रति प्लेटमा | | | |
| ३० | चिकन बिरानी | प्रति प्लेटमा | | | |
| ३१ | सुख्खा रोटी | प्रति गोटा | | | |
| ३२ | फापररोटी | प्रति गोटा | | | |
| ३३ | तरकारी सब्जी | प्रति कचौरा | | | |
| ३४ | आलुदम मुराई | प्रति प्लेट | | | |
| ३५ | आलु परौठा | प्रति प्लेट | | | |
| ३६ | चिया दु:धको | प्रति गिलास | | | |
| ३७ | लेमन चिया रातो | प्रति गिलास | | | |
| ३८ | लेमन चिया | प्रति गिलास | | | |
| ३९ | कफी रातो | प्रति गिलास | | | |
| ४० | दु:धकफी | प्रति गिलास | | | |

(व्यवसायको माथि भनिएका प्रमाण कागजात सहित आफ्नो दररेट अंक अक्षरमा स्पष्ट खुलाउनु हुन । केरमेट भए स्पष्ट देखिने गरी पुन: लेखी सोमा सहिछाप गरी बन्दीखाममा पेश गर्नु हुन)